10:50 AM

notice 2.jpg

बागमती प्रदेश सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

फोन नं. ०१०–५२०१२८

# कृषि ज्ञान केन्द्र,धादिङ

(कार्य क्षेत्र धादिङ जिल्ला)

## कृषि विकास कार्यक्रममा सहभागी हुनको लागि प्रस्ताव आव्हानको सूचना ।

**सूचना नं: ६ - २०७९/८०**

**प्रथम पटक प्रकाशित मिति :- २०७९/०६/३१**

कृषि ज्ञान केन्द्र, धादिङको आ.ब. २०७९/८० स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयनको लागि सम्बन्धित कार्यबिधिमा तोकिएका शर्तहरु पालना गर्ने गरि साझेदारीमा कार्यक्रम संचालन गर्न साझेदारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३०दिन (मिति २०७९/०७/२९ गते) भित्र कार्यबिधिमा उल्लेखित कागजातहरु सहितको प्रस्ताब / आवेदन दर्ता गर्नहुन सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरीएको छ । साथै रित नपुगि र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाबेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल :**

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | प्रति प्रस्ताव अधिकतम साझेदारी रकम रु. | आवेदकपेश गर्ने साझेदार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रैथाने बाली मूल्य श्रृंखला प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५० | १,००,००० | कृषक समूह/उत्पादन मुलक कृषि सहकारी | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| २ | मकै बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ७५ | १,००,००० | कृषक समूह/उत्पादन मुलक कृषि सहकारी | |
| 3 | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | १२५ | २,००,००० | कृषक समूह/उत्पादन मुलक कृषि सहकारी | |
| 4 | स्थानीय कृषकहरुको मागमा आधारित उद्यमशिलता प्रवर्द्धन कार्यक्रम | संख्या | १० | १,००,००० | कृषक/ कृषक समूह/निजी कृषि फर्म/कृषि उद्यमी | प्रस्ताबमा आधारित व्यावसायिक कृषि कार्यक्रम संचालन कार्यविधि, २०७८ |

**नोट :- यस सूचना सम्बन्धि थप जानकारिको लागि कृषि ज्ञान केन्द्र, धादिङको फोन नं. : ०१०–५२०१२८ र ०१०५२०४१९ मा सम्पर्क राखहुन वा Website: www.akedhading..gov.np र कार्यालयको फेसबुक पेज: कृषि ज्ञान केन्द्र, धादिङबाट पनि विस्तृत जानकारी लिन सकिने छ साथै दरखास्त साथ पेश गर्नु पर्ने कागजात, प्रस्तावको नमूना तथा कार्यबिधि यस केन्द्र र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको Website: www.akedhading.gov.np, www.molmac@bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ।**

दिनेश आचार्य
प्रमुख

https://mail.google.com/mail/u/0/?tab=rm&ogbl#search/akcdhading%40gmail.com/FMfcgzGqQwDLnrPKnBdbLRlvsmPnCqzh?projector=1&messa



Scanned with CamScanner

बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र,धादिङ

(कार्य क्षेत्र धादिङ जिल्ला)

## संघ सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु संचालनमा सहभागी हुन प्रस्ताव आव्हानको सूचना !

सूचना नं: ५ - २०७९/८०

प्रथम पटक प्रकाशित मिति :- २०७९/०६/३१

कृषि ज्ञान केन्द्र, धादिङको आ.ब. २०७९/८० कृषि विभाग (संघ सशर्त अनुदान) कार्यक्रम तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयनको लागि "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७८" ले तोकेको शर्तहरु पालना गर्ने गरि साझेदारीमा कार्यक्रम संचालन गर्न धादिङ जिल्ला भित्रका ईच्छुक कृषक समूह / कृषि सहकारी संस्था/ कृषि फार्म / उद्धमी कृषकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन ( मिति २०७९/०७/२९ गते ) भित्र कार्यविधिमा उल्लेखित कागजातहरु सहितको प्रस्ताव / दरखास्त दर्ता गर्न हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरीएको छ। साथै रित नपुगि र म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

१. राष्ट्रिय खाद्य सुरक्षा मिसन कार्यक्रम (कार्यविधिमा तोकिए अनुसार साझेदारी हुने)

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिणाम | प्रति प्रस्ताव अधिकतम अनुदान रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | धान बाली प्रवर्द्धन कार्यक्रम | पटक | १ | २५,००,००० | |
| २ | मकै बाली प्रवर्द्धन कार्यक्रम | पटक | १ | ५०,००,००० | |
| ३ | दलहन बाली प्रवर्द्धन कार्यक्रम(दलहन बाली मध्ये मास/ भटमास/ सिमि/ केराउ/ मुसुरो/ रहर/ बोडी आदी) | पटक | ३ | ३३,३३,३३३ | |

२. राष्ट्रिय खाद्य सुरक्षा मिशन कार्यक्रम (रैथाने बाली प्रवर्द्धन कार्यक्रम)

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिणाम | प्रति प्रस्ताव अधिकतम अनुदान रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | ८५% अनुदानमा थ्रेसिङ मेसिन उपलब्ध गराउने | संख्या | १० | ७५,००० | |
| २. | रैथाने बालीको प्याकेजिङ र लेबलिङमा शतप्रतिशत अनुदान | पटक | ४ | २,००,००० | |
| ३. | उत्पादन बिबिधिकरणका लागि आवश्यक पर्ने ओभन लगायतका उपकरण ५० % अनुदान सहयोग | सेट | ४ | २,००,००० | |
| ४. | रैथाने बली उत्पादन बिक्री कक्ष निर्माणका लागि ८५ प्रतिशत अनुदान सहयोग | संख्या | २ | २०,००,००० | |

३. प्रांगारिक कृषि प्रवर्द्धन कार्यक्रम (कार्यविधिमा तोकिए अनुसार साझेदारी हुने)

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिणाम | प्रति प्रस्ताव अधिकतम अनुदान रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्राङ्गारिक उत्पादनका लागि प्लाष्टिक घर निर्माण/ बिस्तार (जि.आई. पाईपमा Naturally Ventilated/ Poly House/ Net House वा अन्य आधुनिक प्रविधिको प्लाष्टिक हाउस ) अनुदान | संख्या | २ | ४,००,००० | |
| २. | एकल फर्मको लागि खुल्ला जमिनमा "प्राङ्गारिक उत्पादन" अनुदान | संख्या | २ | १,००,००० | |
| ३. | भर्मी कम्पोष्ट मल बनाउन भर्मीसेड निर्माण | संख्या | १० | १०,००० | |
| ४. | प्राङ्गारिक कृषि उपजका लागि प्रतिफलमा आधारीत प्रोत्साहन अनुदान कार्यक्रम | गंपनी | २५ | २,००० | |

४. बीउ बिजन उत्पादन आपूर्ति तथा व्यवस्थापन कार्यक्रम (कार्यविधिमा तोकिएको अनुसार साझेदारी हुने)

| क्र.सं. | कार्यक्रमको नाम | ईकाइ | परिणाम | प्रति प्रस्ताव अधिकतम अनुदान रु | कैफियत |
|---|---|---|---|---|---|
| १. | उन्नत बीउ उत्पादनका लागि पूर्वाधार तथा प्रशोधन बिकास सहयोग | पटक | १ | १०,००,००० | |

नोट :- यस सूचना सम्बन्धि थप जानकारिको लागि कृषि ज्ञान केन्द्र, धादिङको फोन न : ०१०-५२०१२८ र ०१०-५२०४१९ मा सम्पर्क राख्न हुन वा Website: www.akcdhading.gov.np र कार्यालयको फेसबुक पेज: कृषि ज्ञान केन्द्र, धादिङबाट पनि बिस्तृत जानकारी लिन सकिने छ साथै दरखास्त साथ पेश गर्नु पर्ने कागजात, प्रस्तावको नमूना तथा कार्यविधि यस केन्द्र र कृषि विभागको Website:www.akcdhading.gov.np, www.doanepal.gov.np बाट डाउनलोड गर्न सकिने छ।

दिनेश आचार्य
प्रमुख



Scanned with CamScanner